हाम्रो चाहना : स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको स्थापना



अख्तियार बुलेटिन

वर्ष १०, अङ्क ९, फागुन २०७०

यस अङ्कमा

- मन्तव्य
- सम्पादकीय
- तेइसौं वार्षिक प्रतिवेदन प्रस्तुत
- आयोगको स्थापना दिवस सम्पन्न
- अदालतमा दायर गरिएका केही विशेष मुद्दाहरू
- क्षेत्रीय कार्यालय र सम्पर्क कार्यालयहरूको उद्घाटन
- सरोकारवालाहरूसँग आयोगका पदाधिकारीहरूको अन्तरक्रिया
- अन्तर्राष्ट्रिय भ्रमण र गतिविधि
- आयोगद्वारा सञ्चालित अन्य केही महत्वपूर्ण गतिविधिहरू
- भ्रष्टाचार अनुभूति सूचकाङ्क २०१३
- रेडियो कार्यक्रम सदाचार

मन्तव्य

अख्तियारको दुरुपयोग र भ्रष्टाचारजन्य क्रियाकलाप समाजको सबैभन्दा जघन्य अपराध हो। यसले व्यक्तिलाई कर्तव्य विमुख र समाजलाई गतिहीन बनाउँछ। यथोचित रूपमा यसको निदान र निरूपण गर्न सकिएन भने भ्रष्टाचारले विकास र सुशासनका समग्र प्रयासलाई निस्तेज र प्रभावहीन तुल्याउँदै राज्यलाई अव्यवस्थित बनाउँछ। आर्थिक तथा शैक्षिक पृष्ठभूमि, सामाजिक मूल्य मान्यता, गरिबी वा अन्य जुनसुकै कारणले होस्, एउटा सभ्य समाजका लागि भ्रष्टाचारजन्य क्रियाकलाप कुनै पनि हालतमा क्षम्य हुन सक्तैन। त्यसैले, हामीले पनि भ्रष्टाचारका विरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गर्दै आएका छौं।

कानुनको शासन, मानव अधिकारको सम्मान, गुणस्तरीय सेवामा समान पहुँच तथा समतामूलक र समावेशी शासनको सुनिश्चितता लोकतन्त्रका आदर्श हुन्। लोकतान्त्रिक पद्धतिका यी मूलभूत आदर्शहरूको रक्षा गर्न शासकीय पद्धतिमा विद्यमान अख्तियारको दुरुपयोग र भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण अनिवार्य छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक दायित्व पनि यही नै हो। यो गुरुत्तर दायित्व पूरा गर्न आयोगले प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक रणनीतिहरू अवलम्बन गर्दै आएको छ। अझ केही समययता, भ्रष्टाचार नियन्त्रण र न्यूनीकरणका लागि आयोग स्पष्ट दृष्टिकोण र अठोटका साथ अघि बढिरहेको तथ्य हामीले बेलाबखत सार्वजनिक गर्दै आएका छौं। तथापि, भ्रष्टाचारको सञ्जाल दिनानुदिन विस्तार हुँदै जानुका साथै यसले संस्थागत रूप समेत लिदै गएको सन्दर्भमा यसको नियन्त्रण असम्भव नभए पनि चुनौतीपूर्ण भने अवश्य छ। अतः भ्रष्टाचार विरुद्धको अभियानलाई थप सशक्त र प्रभावकारी बनाउन नीतिगत र संस्थागत सुदृढीकरणका साथै सरोकार पक्षहरूबीच समन्वय र सहकार्य हुन पनि अत्यावश्यक छ।

नेपालको अन्तरिम संविधान, २०६३ ले सार्वजनिक क्षेत्रमा हुने अख्तियारको दुरुपयोग र भ्रष्टाचारको नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिएको छ। यो संवैधानिक दायित्व निर्वाह गर्ने क्रममा हाम्रो कार्य सम्पादनलाई स्वच्छ, परिणाममुखी, व्यवस्थित र दिगो तुल्याउन हामी सचेत र क्रियाशील पनि छौं। आयोगको दीर्घकालीन रणनीति तर्जुमा गरी अगाडि बढ्ने हाम्रो प्रयासले पनि यसै कुरालाई इङ्गित गर्दछ।

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको संस्कारको विकास गराउँदै आम जनतामा सुशासनको अनुभूति दिलाउन आयोग सदैव समर्पित छ। यद्यपि, आयोगको उपस्थिति, सक्रियता र भूमिकाले मात्र यस्तो कार्यमा अपेक्षाकृत परिणाम हासिल गर्न कठिन हुन सक्छ। त्यसैले यो अभियानमा भ्रष्टाचार विरोधी अभियन्ता, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, पत्रकार जगत र सर्वसाधारण नागरिकको सक्रिय भूमिका र सहकार्य सदा अपेक्षित छ। यस्तो सहकार्यका लागि हामी र सरोकारवालाहरूबीच नियमित रूपले प्रत्यक्ष वा परोक्ष अन्तरसम्बन्ध भइरहनु पनि आवश्यक हुन्छ भन्ने मैले ठान्दछु। हामीहरूबीच त्यस्तो परिणाममुखी सम्बन्ध स्थापित गराउने दिशामा यस्ताखाले प्रकाशनले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। यो **अख्तियार बुलेटिन**लाई मैले त्यसै रूपमा लिएको छु। यसबाट केही हदसम्म भए पनि आयोगका गतिविधिहरू सार्वजनिक गर्न र भ्रष्टाचार विरुद्ध अभियानका साझेदारहरूलाई आयोग निकट ल्याउन मद्दत पुग्छ भन्ने मेरो विश्वास छ।

अन्तमा, यो **अख्तियार बुलेटिन** तयार गर्न लागिपर्ने आयोगका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन्छु।

धन्यवाद !

लोक मान सिंह कार्की
प्रमुख आयुक्त
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अर्धवार्षिक रूपमा प्रकाशित हुने अख्तियार बुलेटिनको नवौं अङ्क पाठकसामु प्रस्तुत भएको छ । विगत अङ्कहरूमा जस्तै यस अङ्कमा पनि शासकीय पद्धतिमा विद्यमान अख्तियारको दुरुपयोग र भ्रष्टाचारजन्य क्रियाकलापलाई नियन्त्रण गरी सुशासन कायम गर्ने आयोगको संवैधानिक दायित्व पूरा गर्ने दिशामा आयोगबाट सम्पादन भएका महत्वपूर्ण कार्य र त्यससँग सम्बन्धित अन्य विविध क्रियाकलापहरू समेटी प्रस्तुत गरिएको छ । यस अङ्कमा खासगरी सम्माननीय राष्ट्रपति महोदय समक्ष आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको विषयका अतिरिक्त, अख्तियार दिवस, आयोगका क्षेत्रीय कार्यालयहरूको उद्घाटन एवम् निरीक्षण, आयोगका माननीय प्रमुख आयुक्त र माननीय आयुक्तबाट विभिन्न क्षेत्रहरूमा भएको अन्तरक्रिया एवम् निर्देशन, आयोगबाट सञ्चालित विविध विषयका तालिम कार्यक्रम र अन्य समसामयिक गतिविधिहरू समावेश गरेका छौं ।

मुलुकमा व्याप्त भ्रष्टाचारको सञ्जाल तोड्न आयोगको एक्लो उपस्थिति र सक्रियता मात्रै पर्याप्त हुँदैन । यो अभियानलाई सफल पार्न भ्रष्टाचार विरुद्धका अभियन्ता र आम नागरिकहरूसँगको सहकार्यबाट मात्र सम्भव छ । त्यसैले आयोगबाट प्रकाशित बुलेटिनलाई हामीले आयोग र भ्रष्टाचार विरुद्धका सरोकारवालाहरूबीच सम्बन्ध स्थापित गर्ने कडीको रूपमा पनि लिएका छौं । त्यसै प्रयोजनका लागि रेडियो कार्यक्रम सदाचार, उजुरी दर्ता र आयोगको अपिल जस्ता विषयलाई प्रत्येक अङ्कमा स्थान दिएका छौं । बुलेटिनलाई यथाशक्य सूचनामूलक र पठनीय बनाउने प्रयत्न गरेका छौं ।

अन्तमा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र भ्रष्टाचार नियन्त्रणको दिशामा आयोगले सम्पादन गरेका महत्वपूर्ण घटनाक्रमहरू सबै सरोकारवाला र आम पाठकहरूसमक्ष पुऱ्याउन थोरै भए पनि बुलेटिनले योगदान गर्ने छ । बुलेटिनका आगामी अङ्कहरूलाई थप परिष्कृत गर्न आदरणीय पाठकहरूको सहयोग र मूल्यवान सुझाव सदैव अपेक्षित छन् ।

धन्यवाद !

-सम्पादक मण्डल

आयोगको अपिल

आज भ्रष्टाचार नियन्त्रण विश्व समुदायकै लागि एक चुनौतीपूर्ण विषयको रूपमा रहेको छ । गम्भीर प्रकृतिको यो सामाजिक अपराधलाई रोकथाम गरी सुशासन कायम गर्ने दिशामा विश्वका प्रायः सबैजसो मुलुकहरू अघि बढिरहेका छन् । नेपालमा पनि संवैधानिक अङ्गको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरी भ्रष्टाचार नियन्त्रणको माध्यमद्वारा मुलुकमा कानुनी राज्य र सुशासन स्थापना गर्ने प्रयत्न गरिएको छ ।

आयोगले नेपालको अन्तरिम संविधान, २०६३, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ द्वारा प्रदत्त अधिकार बमोजिम आफ्नो स्थापनाकालदेखि नै भ्रष्टाचार नियन्त्रण गर्ने अभियानमा दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरू अवलम्बन गरी सुशासनको प्रत्याभूति गर्न प्रयत्नशील रही आएको छ ।

सदाचार, निष्पक्षता र निडरता आयोगको मूल मन्त्र (Theme) हो । कहीं कतै अनुचित कार्य तथा भ्रष्टाचारजन्य क्रियाकलाप भएको ठोस जानकारी भएमा आयोगलाई जानकारी दिनु भई भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको विकास गरिदिनु हुन आयोग आम सञ्चार जगत, विभिन्न पेसाकर्मी महानुभावहरू, नागरिक समाज, बुद्धिजीवी, भ्रष्टाचार विरोधी अभियानमा संलग्न व्यक्ति, संस्था एवं आम नेपाली दिदीबहिनी, दाजुभाइहरूसँग हार्दिक अपिल गर्दछ ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यू समक्ष माननीय प्रमुख आयुक्तले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै

आयोगको तेइसौं वार्षिक प्रतिवेदन प्रस्तुत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेइसौं वार्षिक प्रतिवेदन आयोगका माननीय प्रमुख आयुक्त लोक मान सिंह कार्कीले २०७० मंसिर २४ गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष पेश गर्नुभयो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ मा प्रत्येक वर्ष आयोगले आफ्नो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम आयोगको वार्षिक प्रतिवेदन पेश गर्दै प्रमुख आयुक्तले कानुनको शासन, लोकतन्त्र एवम् गुणस्तरीय सेवा प्रवाहलाई सुनिश्चित गरी सुशासन प्रवर्द्धन गर्ने सरकारको अभीष्ट पूरा गर्न श्वेतपोसी अपराधको रूपमा भ्रष्टाचार एक प्रमुख अवरोधको रूपमा रहेको कुरा बताउनुभएको थियो। सो अवसरमा मुलुकमा सामाजिक र आर्थिक असमानताको अन्त्य गर्दै सामाजिक न्यायको प्रत्याभूति गराउने जस्ता शासकीय प्रयासहरू अपेक्षित रूपमा प्रभावकारी हुन नसक्नुमा भ्रष्टाचार प्रमुख बाधकको रूपमा रहेको तथ्यबारे उल्लेख गर्दै प्रमुख आयुक्तले अख्तियारको दुरुपयोग र भ्रष्टाचारजन्य क्रियाकलापहरू नियन्त्रण गर्न केही समययता आयोग स्पष्ट दृष्टिकोण र अठोटका साथ अघि बढिरहेको व्यहोरा प्रस्ट पार्नुभएको थियो। आयोगमा जनताको सहज पहुँच अभिवृद्धिका लागि देशका पाँचवटै विकास क्षेत्रहरूमा आयोगका क्षेत्रीय कार्यालयहरू स्थापना गरी कार्य सञ्चालन सुरु भएको व्यहोरा जानकारी गराउँदै प्रमुख आयुक्तले आयोगबाट हाल भ्रष्टाचारका दृष्टिले जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गर्ने एवम् सार्वजनिक वस्तु र सेवा प्रवाहको क्रममा बढी जनसरोकार राख्ने निकाय र तिनमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनको अनुगमनमा जोड दिएको कुरा पनि औंल्याउनु भएको थियो।

प्रमुख आयुक्तले प्रतिवेदन पेश गर्ने सिलसिलामा भ्रष्टाचार नियन्त्रणमा प्रवर्द्धनात्मक कार्य गर्न राष्ट्रिय सतर्कता केन्द्र एवम् सम्पत्ति शुद्धीकरण अनुगमनका लागि पनि छुट्टै विभाग स्थापना भई कार्य सम्पादन भइरहेकोमा कतिपय अवस्थामा क्षेत्राधिकारको अस्पष्टता, भूमिकामा दोहोरोपना र कार्य सम्पादनमा अप्रभावकारिता समेत देखिएकोले भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने र सो को अनुगमन गर्ने कार्यको नेतृत्व आयोगबाटै हुने कानुनी व्यवस्था भएमा थप प्रभावकारिता आउने व्यहोरा पनि उल्लेख गर्नुभएको थियो। आयोगको तेइसौं वार्षिक प्रतिवेदन ग्रहण गर्दै उक्त अवसरमा सम्माननीय राष्ट्रपति महोदयले अख्तियारको दुरुपयोग र भ्रष्टाचार नियन्त्रणको दिशामा आयोगबाट देखाइएको सक्रियता र यसको समग्र कार्य सम्पादनप्रति सन्तोष व्यक्त गर्नुभयो र यसका लागि प्रमुख आयुक्त र समग्र आयोग परिवारप्रति धन्यवाद समेत व्यक्त गर्नुभएको थियो।

वार्षिक प्रतिवेदन पेश गर्ने क्रममा प्रमुख आयुक्तले दिनुभएको मन्तव्यको पूर्ण पाठ

सम्माननीय राष्ट्रपतिज्यू,

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०६९/०७० मा सम्पादन गरेका कार्यहरू एवं आगामी दिनमा गर्नुपर्ने कार्यका लागि सुझाव सहितको यो २३ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने अवसर पाउँदा म गौरवान्वित भएको छु।

कानुनको शासन, लोकतन्त्र, गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता एवं सुशासन प्रवर्द्धन गर्ने सरकारको अभीष्ट पूरा गर्नमा आज विश्वभर नै श्वेतपोसी अपराधको रूपमा रहेको भ्रष्टाचार एक प्रमुख अवरोधको रूपमा स्वीकार गरिएको छ। खासगरी नेपाल जस्ता विकासोन्मुख मुलुकमा राजनीतिक अस्थिरता, सामाजिक तथा सांस्कृतिक विकृति एवं आर्थिक अनियमितता बढ्दै जानुमा भ्रष्टाचार प्रमुख कारकको रूपमा रहेको छ। मुलुकमा संक्रमणकाल लम्बिदै जाँदा राज्य र यस अन्तर्गतका निकायहरूको शासकीय क्षमतामा ह्रास आउने र विभिन्न क्षेत्रमा अस्थिरता बढ्ने हुँदा यसले भ्रष्टाचारलाई नै प्रश्रय दिने निश्चित छ। नेपालको सन्दर्भमा गरिबी निवारण, सामाजिक र आर्थिक असमानताको अन्त्य, सन्तुलित विकास एवं सामाजिक न्यायको प्रत्याभूति गराउने जस्ता राज्यका शासकीय प्रयासहरू अपेक्षित रूपमा प्रभावकारी हुन नसक्नुमा पनि भ्रष्टाचार नै प्रमुख बाधकको रूपमा देखिएको छ।

कानुनी राज्यको प्रत्याभूति, लोकतान्त्रिक पद्धतिको विकास, मानव अधिकारको सम्मान, गुणस्तरीय सेवामा नागरिकको सहज पहुँचको सुनिश्चितता तथा समन्यायिक र समावेशी विकासका लागि भ्रष्टाचार नियन्त्रण र न्यूनीकरण गर्ने र नागरिकमा सुशासनको अनुभूति गराउनु राज्यको प्रमुख दायित्व हो। राज्यको यस बृहत्तर प्रयासमा संवैधानिक दायित्व निर्वाह गर्ने क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न प्रवर्द्धनात्मक र निरोधात्मक कार्यका अतिरिक्त भ्रष्टाचारजन्य कार्यको अनुसन्धान, तहकिकात र अभियोजन सम्बन्धी कार्य गर्दै आएको विदितै छ। विभिन्न प्रत्यक्ष अप्रत्यक्ष कारणले विगतमा आयोगको उपस्थिति, सक्रियता र कार्यसम्पादनमा केही संकुचन भएको देखिए पनि केही समययता भ्रष्टाचार नियन्त्रण र न्यूनीकरणका लागि आयोग स्पष्ट दृष्टिकोण र अठोटका साथ अघि बढिरहेको व्यहोरा अवगत गराउन चाहन्छु। भ्रष्टाचार नियन्त्रणमा नेपाल सरकारको प्रतिबद्धता, आयोगको सक्रियता, सरोकार पक्षहरू र सर्वसाधारण नागरिकहरू समेतको साझा प्रयास, प्रयत्न र सहकार्यबाट ट्रान्सपरेन्सी इन्टरनेशनलबाट प्रकाशित हुने भ्रष्टाचारको अनुभूति सूचक (Corruption Perception Index) मा यस वर्ष उल्लेख्य सुधार भएको छ। नेपाल अघिल्लो वर्ष सन् २०१२ मा २७ अंक प्राप्त गरी १३९औं स्थानमा रहेकोमा यस वर्ष सन् २०१३ मा ३१ अंक सहित ११६ औं स्थानमा रहन सफल भएको छ। यसरी भ्रष्टाचार नियन्त्रणको हाम्रो अभियानमा केही प्रगति देखिए पनि यसमा नै सन्तोष लिने ठाउँ भने छैन। सुधारको यो क्रमलाई निरन्तरता दिई थप सुधार गर्न हाम्रा प्रयासहरू अझ सक्रिय, सशक्त र प्रभावकारी बनाउनुपर्ने चुनौती पनि थपिएको छ भन्ने मैले महसुस गरेको छु।

आयोगमा जनताको सहज पहुँच अभिवृद्धिका लागि देशका पाँच वटै विकास क्षेत्रहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका क्षेत्रीय कार्यालयहरू स्थापना गरी कार्य सञ्चालन सुरु भइसकेको छ भने आगामी दिनमा ५ वटा सम्पर्क कार्यालयहरू पनि स्थापना गर्ने तयारी भइरहेको छ। आयोगको क्षेत्रीय कार्यालय रहेको विकास क्षेत्रमा रहेका पुनरावेदन अदालतहरूलाई विशेष अदालत तोक्ने वा गठन गर्ने व्यवस्थाका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी "अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७०" तथा "अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको आचार संहिता, २०७०" हालै मात्र स्वीकृत गरी लागू गरिएको छ। यसैगरी निजी क्षेत्रबाट सञ्चालित बैङ्क तथा वित्तीय संस्था र बिमा सम्बन्धी कारोबारमा संलग्न निकायहरू र त्यसमा कार्यरत व्यक्तिहरूलाई सार्वजनिक संस्था र राष्ट्रसेवकको परिभाषामा समाविष्ट गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा ल्याउने गरी कानुनमा सुधार गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझाव दिइएको छ। सेवाग्राहीको सम्मान र नागरिक सेवाप्रति सदा तत्पर र तैनाथ रहनुपर्ने राष्ट्रसेवकहरूमा पछिल्ला दिनमा बढ्दै गएको अनुशासनहीनता र जिम्मेवारी बहनप्रतिको उदासीनता अन्त्य गरी कर्तव्यनिष्ठ, जिम्मेवार र जवाफदेही बनाउनका लागि विभिन्न सुधारका प्रयासहरू गरिएको छ।

आयोगले हाल भ्रष्टाचारका जोखिमपूर्ण क्षेत्रहरूको पहिचान र निगरानी गर्ने तथा सार्वजनिक वस्तु र सेवा प्रवाहको क्रममा बढी जनसरोकार राख्ने निकाय र तिनमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनको निरन्तर अनुगमनमा जोड दिएको छ। ऐन, कानुनको परिपालना र कार्यान्वयनमा नियामक निकायहरूलाई जिम्मेवार र जवाफदेही बनाउन आवश्यक व्यवस्थाहरू गरिएका छन्। नागरिक सरोकारका विषयमा निर्णय पन्छाउने, गलत निर्णय गर्ने वा निर्णय नै नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक ध्यानाकर्षण गराउने र निर्देशन दिने कार्यहरू भएका छन् भने एकभन्दा बढी निकायसँग सम्बन्धित विषय कार्यान्वयनका लागि विभिन्न निकायहरूबीच आयोगले समन्वयकारी भूमिका समेत निर्वाह गर्दै आएको छ। सार्वजनिक सेवा प्रवाहमा संलग्न निकाय र पदाधिकारीहरूको कार्यसम्पादनको निरन्तर अनुगमन गरी वस्तु र सेवामा नागरिकको सहज र सरल पहुँच सुनिश्चित गर्न र गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने नागरिक हकको प्रत्याभूति गराउने दिशामा आयोग प्रतिबद्ध छ। आयोगप्रति नागरिकको अपेक्षा र विश्वास अटल राख्न तथा आयोगको छवि उच्च राख्न भ्रष्टाचारका जोखिमपूर्ण क्षेत्रमा पूर्वसक्रिय निगरानी राख्ने, अनुगमन गर्ने तथा भ्रष्टाचार विरुद्धका उजुरीहरूको अनुसन्धान, तहकिकात र अभियोजनसम्बन्धी कार्यलाई तथ्यपरक, वस्तुगत र वैज्ञानिक बनाई छिटो छरितो कार्यसम्पादनमा जोड दिइएको छ।

सम्माननीय राष्ट्रपतिज्यू,

हाल भ्रष्टाचार नियन्त्रणका प्रवर्द्धनात्मक कार्यहरू गर्ने जिम्मेवारीका साथ राष्ट्रिय सतर्कता केन्द्र र सम्पत्ति शुद्धीकरण अनुगमनका लागि छुट्टै विभाग स्थापना भई कार्य गरिरहेको कारण क्षेत्राधिकारको अस्पष्टता तथा कतिपय भूमिकामा दोहोरोपना र अप्रभावकारिता तथा कार्यगत द्विविधा समेत देखिएकोले भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने र सो को अनुगमन गर्ने कार्यको नेतृत्व आयोगबाट नै भएमा भ्रष्टाचारजन्य कार्यको नियन्त्रण कार्यमा प्रभावकारिता आउने व्यहोरा अनुरोध गर्न चाहन्छु। संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा यसबाट सिर्जित दायित्व र जिम्मेवारी निर्वाह गर्नका लागि मौजुदा कानुनको परिमार्जन तथा आवश्यक कानुनको तर्जुमा र भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरूको क्षेत्राधिकार र तिनीहरूबीचको समन्वयका लागि आवश्यक नीतिगत, संरचनागत र कार्यगत व्यवस्थामा पुनरावलोकन हुनुपर्ने आवश्यकता महसुस गरिएको छ। समावेशी, समन्यायिक र सन्तुलित विकास सहितको नयाँ नेपाल निर्माणका लागि आधार रेखा कोर्न संविधान सभा मार्फत बन्ने आगामी संविधानमा आयोगको भूमिका, क्षेत्राधिकार, काम, कर्तव्य र अधिकारको विषयमा पर्याप्त ध्यान पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।

सम्माननीय राष्ट्रपतिज्यू,

विभिन्न चुनौती र व्यवधानका बावजुद पनि संवैधानिक प्रत्याभूति र नागरिक अपेक्षा अनुरूप उपलब्ध स्रोत साधनको महत्तम परिचालन गरी आयोगले आर्थिक वर्ष २०६९/७० मा सम्पादन गरेका कार्यहरू समेटिएको यो

२३ औं वार्षिक प्रतिवेदन महामहिमज्यू समक्ष प्रस्तुत गर्न पाउँदा म ज्यादै गौरवान्वित भएको छु। प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएका केही तथ्याङ्क सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु। यस आर्थिक वर्षमा आयोगमा परेका कुल ११,२९८ वटा उजुरीहरू मध्ये ६६७२ वटा उजुरीहरू फछ्यौंट भएका छन्। यसैगरी पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरूमा परेका भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी ४४८ वटा उजुरीहरूमध्ये १४५ वटा उजुरीहरू फछ्यौंट भै ३०३ वटा उजुरीहरू बाँकी रहेका छन्। जिल्ला प्रशासन कार्यालयहरूमा २,१४१ वटा उजुरीहरू परेकोमा ९०० वटा फछ्यौंट भै बाँकी रहेका १,२४१ वटा उजुरीहरू हालै स्थापित आयोगका सम्बन्धित क्षेत्रीय कार्यालयमा हस्तान्तरण हुने क्रममा रहेका छन्। आयोगबाट असुल उपरका लागि ३४, सचेतताका लागि ४१, सुझाव तथा निर्देशनका लागि १२५, विभागीय कारवाहीका लागि ८० तथा ध्यानाकर्षणका लागि ३८ वटा विषयमा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको छ। यस आर्थिक वर्षमा आयोगबाट ७७ थान मुद्दा दायर गर्ने निर्णय भई गत आ.व. बाट जिम्मेवारी सरेका १६ थान मुद्दा समेत गरी कुल ९३ थान मुद्दा दायर गरिएको छ। आयोगबाट यस आर्थिक वर्षमा ५३ करोड ७० लाख ९ हजार ३ सय ६६ रुपैयाँ ७४ पैसा बिगो माग दाबी गरी मुद्दा दायर भएको छ भने अनुसन्धान पूरा गरी ४ करोड ९५ लाख ३२ हजार ६ सय ३० रुपैयाँ १६ पैसा असुल उपर गरिएको छ। यस आर्थिक वर्षमा आयोगको निर्णयानुसार ११ करोड ५६ लाख ६९ हजार ३ सय ८१ रुपैयाँ ७४ पैसा असुल उपर गर्न सम्बद्ध निकायमा लेखी पठाइएको छ। यस आर्थिक वर्षमा २०० रोपनी १३ आना १ पैसा १ दाम जग्गा नेपाल सरकारको नाममा कायम गर्ने गरी आयोगबाट निर्णय भएको छ। त्यसै गरी आयोगले विशेष अदालतमा दायर गरेका मुद्दाहरूमध्ये ९५ थान मुद्दाहरूको फैसला भएकोमा ७६ थान मुद्दामा आयोग सफल भई ८० प्रतिशत मुद्दामा सफलता प्राप्त गरेको छ।

मैले आयोगबाट आ.व. २०६९/०७० मा सम्पादन भएका कार्यहरूको संक्षिप्त विवरण माथि प्रस्तुत गरें।

महामहिम राष्ट्रपतिज्यू,

संवैधानिक रूपमा आयोगलाई निर्धारित भूमिका, दायित्व र जिम्मेवारी निर्वाह गर्ने क्रममा थुप्रै चुनौतीहरू नभएका होइनन्। तथापि विद्यमान राजनीतिक, आर्थिक र सामाजिक सन्दर्भ तथा बाह्य परिवेशबाट सिर्जित जुनसुकै चुनौतीहरूलाई सम्बोधन गर्दै निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि दृढ अठोटका साथ आयोग अघि बढिरहने प्रतिबद्धता व्यक्त गर्दछु। भ्रष्टाचार नियन्त्रणमा सबै सरोकार पक्षहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न तथा भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको संस्कारको विकास गराउँदै आम जनतामा सुशासनको अनुभूति दिलाउन आयोग सदैव समर्पित रहिरहने दृढ संकल्प समेत म यहाँ उल्लेख गर्न चाहन्छु।

आगामी दिनमा आयोगको संस्थागत क्षमता विकास र जनशक्तिको ज्ञान, सीप र दक्षता अभिवृद्धि गरी सम्पादित कार्यको प्रभावकारिता अभिवृद्धि गर्नेतर्फ आयोग केन्द्रित हुनेछ भन्ने विश्वास दिलाउन चाहन्छु। आधुनिक प्रविधिको प्रयोगमार्फत अभिलेख व्यवस्थापन, अटोमेसन प्रणालीको विकास तथा आयोगको कार्यसम्पादनको विद्युत्तीय माध्यमबाट सुपरीवेक्षण र अनुगमन गर्ने पद्धतिको विकास गर्नेतर्फ आयोग अग्रसर भइरहेको छ र यसलाई निरन्तरता दिइनेछ। भ्रष्टाचारसम्बन्धी उजुरीहरूको अनुसन्धानलाई तथ्यपरक, वस्तुगत र वैज्ञानिक बनाउन विज्ञहरूको सेवा परिचालनमा समेत जोड दिइनेछ। सार्वजनिक सेवा प्रवाहमा संलग्न निकाय र कर्मचारीहरूबाट समयमा निर्णय गर्ने पद्धति विकास गर्न, गरिएको निर्णयप्रति जिम्मेवार बनाउन तथा तजबिजी अधिकारको कटौती गरी जनताले सहजता र सरलतापूर्वक गुणस्तरीय सेवा प्राप्त गर्नसक्ने अवस्था सुनिश्चित गर्न निकायगत कार्यविधि र निर्देशिकाहरू तयार गरी कार्यान्वयन गर्न आयोगले आवश्यक मार्गदर्शन गर्नेछ। आगामी दिनमा कानुनी राज्य, लोकतन्त्र, मानव अधिकार, जनकेन्द्रित, समावेशी र समन्यायिक विकास, सदाचार पद्धतिको विकास तथा सुशासनको प्रवर्द्धन र विकासका लागि आयोगलाई निर्दिष्ट संवैधानिक दायित्व, भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा आम नागरिकको अपेक्षा अनुरूप आयोग पूर्ण दृढताका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

अन्तमा, भ्रष्टाचार नियन्त्रण र न्यूनीकरणको जिम्मेवारी निर्वाह गर्ने क्रममा नेपाल सरकार, राजनैतिक नेतृत्व, राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाज, आम पत्रकार जगत, अन्तर्राष्ट्रिय संघसंस्थाहरू तथा आम जनताहरूले आ-आफ्नो तहबाट प्रदान गर्नुभएको सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा यस्तो सहयोग निरन्तर र अझ व्यापक रूपमा प्राप्त हुनेछ भन्ने मैले विश्वास राखेको छु। अति व्यस्तताको बाबजुद पनि सम्माननीय राष्ट्रपतिज्यूबाट हामीलाई समय प्रदान गरी आर्थिक वर्ष २०६९/०७० को अवधिमा सम्पादन गरेका कार्यको सम्बन्धमा तयार गरेको प्रतिवेदन ग्रहण गरिदिनु भएकोमा आयोग परिवार र मेरो आफ्नो तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु। ■

धन्यवाद।

भ्रष्टाचार न्यूनीकरणमा नैतिक शिक्षा

अर्थशास्त्रीहरूले भ्रष्टाचारका कारणहरू खोतल्दा आर्थिक र गैरआर्थिक कारणहरू भनेर उल्लेख गर्ने गर्दछन्। आर्थिक कारणहरूमा प्रतिव्यक्ति आय र यसको वितरण, व्यावसायिक स्वतन्त्रता र राज्यले अँगालेको आर्थिक प्रणाली लगायतका विषयहरू पर्दछन् भने गैरआर्थिक कारणहरूमा सामाजिक एवम् राजनीतिक पृष्ठभूमिका अतिरिक्त व्यक्तिको सोच, मूल्य मान्यता र चेतनाजस्ता कुराहरूलाई कारक तत्वको रूपमा लिने गरेको देखिन्छ । अनि यस्ता मूल्य मान्यता र सोचमा परिवर्तन ल्याउन नैतिक शिक्षालाई प्रभावकारी औजारको रूपमा स्वीकार गरिएको छ। भन्ने गरिन्छ, व्यक्तिको नैतिक पक्षसँग सम्बन्धित समस्या रातारात समाधान हुन प्राय: कठिन हुने भएपनि असम्भव भने छैन।

भ्रष्टाचारमुक्त समाजको निर्माण त्यस्तै एक जटिल विषय हो। यसको पूर्ण निर्मूलीकरण सम्भव नभए पनि न्यूनीकरण निश्चित रूपमा सम्भव छ। तर यसका लागि राज्यसँग तत्कालीन र दीर्घकालीन कार्यनीतिको खाँचो हुन्छ। तत्कालीन कार्यनीतिले भ्रष्टाचारको मौजुदा स्तर बढ्न दिँदैन र दीर्घकालीन कार्यनीतिले व्यक्ति र समाजको मूल्य मान्यता वा समग्रमा नैतिक पक्षमा सकारात्मक परिवर्तन ल्याउँदै भ्रष्टाचार न्यूनीकरणमा ठोस योगदान पुऱ्याउँछ। त्यसैले हामीकहाँ पनि अनुभूति हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्न प्रारम्भिक तहदेखि नै नैतिक शिक्षामा जोड दिन अपरिहार्य छ।

■

विविध कार्यक्रमहरूका साथ आयोगको २३ औं स्थापना दिवस सम्पन्न

संवत् २०७० माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापनाको २३ औं वार्षिकोत्सव एक भव्य समारोहकाबीच सम्पन्न भएको छ। माननीय प्रमुख आयुक्त लोक मान सिंह कार्कीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको उपस्थिति रहेको थियो। सो कार्यक्रममा सम्माननीय राष्ट्रपतिले देश समृद्ध बनाउन शान्ति र लोकतन्त्र आवश्यक रहेको भन्दै त्यसलाई ध्यानमा राखेर सबैले काम गर्नुपर्ने बताउनुभयो। शान्ति र लोकतन्त्र नै समृद्धिको बाटोमा हिंड्ने आधार भएको र हामी हिमाली, पहाडी, तराईबासी जो जहाँ बसे पनि सबै नेपाली भएकाले मिलेर अगाडि बढ्न र देशलाई अगाडि बढाउन सबैले हातेमालो गर्नुपर्ने भनाइ राख्नु हुँदै संवैधानिक निकायले संविधानभित्र रहेर राष्ट्रको सेवा गर्नुपर्छ, तपाईंहरूले पनि त्यसै गर्नु होला भन्ने धारणा व्यक्त गर्नुभयो। विगतमा भएका कमीकमजोरीबाट पाठ सिकेर नयाँ र अनुकरणीय काम गर्न सुझाव दिनु हुँदै अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनतालाई जगाउने काम गरिरहेकाले यसलाई सधैं निरन्तरता दिन समेत आग्रह गर्नुभयो।



आयोग स्थापना दिवस अन्तर्गत मूल समारोहको कार्यक्रमको झलक

प्रमुख आयुक्त एवं कार्यक्रमका सभापति लोक मान सिंह कार्कीले सामाजिक र आर्थिक विकासको प्रमुख बाधकको रूपमा रहेको भ्रष्टाचारलाई न्यूनीकरण र नियन्त्रण गर्ने उद्देश्यले स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले करिब साढे दुई दशक पार गरेको जानकारी दिनु हुँदै पछिल्ला दिनमा भ्रष्टाचारको स्वरूप र प्रकृति जटिल बन्दै गएकोले आयोगको जिम्मेवारी निर्वाह गर्ने क्रममा थुप्रै चुनौतीहरू रहेको आफूले महसुस गरेको बताउनुभयो। मूलतः गुणस्तरीय र प्रभावकारी कार्यसम्पादन मार्फत जनअपेक्षाको सम्बोधन गर्ने र आयोगको छविलाई उच्च बनाई राख्ने प्रमुख चुनौती हाम्रो सामु रहेको कुरा पनि सो अवसरमा प्रमुख आयुक्तले व्यक्त गर्नुभयो।

उक्त अवसरमा प्रमुख आयुक्तले आयोगसँग नागरिक पहुँचलाई सहज बनाउन तथा भ्रष्टाचार नियन्त्रणमा नागरिकको संलग्नता र सहभागितालाई प्रवर्द्धन गर्ने उद्देश्यले केन्द्रमा मात्र सीमित रहेको आयोगको संरचनालाई विस्तार गरी पाँचवटा क्षेत्रीय कार्यालयको स्थापना भएको र पाँचवटा सम्पर्क कार्यालयहरू सञ्चालनमा आउने क्रममा रहेको जानकारी समेत गराउनुभएको थियो।

प्रमुख आयुक्तले सो अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचार नियन्त्रणका लागि अझ सक्रिय बनाउन नवगठित संविधान सभाले आवश्यक ध्यान पुऱ्याउने विश्वास व्यक्त गर्दै कार्यक्रममा उपस्थितिका लागि सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू लगायत सबै अतिथिजनप्रति आभार व्यक्त गर्नुभएको थियो।

आयोगका सचिव श्री केशव प्रसाद भट्टराईले प्रमुख अतिथि एवं सम्पूर्ण उपस्थित महानुभावहरूमा हार्दिक स्वागत तथा अभिवादन गर्दै आरम्भ भएको सो कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट विभिन्न सञ्चारमाध्यम, पत्रकार, भ्रष्टाचार विरुद्ध अभियानका अभियन्ता, आयोगद्वारा आयोजित गीत प्रतियोगिताका विजयी एवं आयोगका कर्मचारीहरूलाई नगद पुरस्कार सहित कदरपत्र प्रदान गर्नुभएको थियो। सो अवसरमा सम्माननीय कायम मुकायम प्रधानन्यायाधीश दामोदर प्रसाद शर्माले आयोगको "**स्मारिका-२०७०**" र आयोगको थेम सङ्ग "**जाग जाग वीर नेपाली जाग...**" बोलको गीतको विमोचन गर्नु भएको थियो। ■



आयोग स्थापना दिवसको उपलक्ष्यमा प्रमुख आयुक्तले मूल समारोहलाई संबोधन गर्दै

कदरपत्र सहित नगद रु. २५ हजारबाट पुरस्कृत हुने सञ्चार माध्यमहरू

राजधानी राष्ट्रिय दैनिक
अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक
आर्थिक दैनिक
द हिमालयन टाइम्स अंग्रेजी दैनिक
नयाँ पत्रिका राष्ट्रिय दैनिक
एभिन्युज टेलिभिजन
रेडियो नेपाल

नेपाल समाचार पत्र राष्ट्रिय दैनिक
घटना र विचार साप्ताहिक
जनधारणा साप्ताहिक
जनभावना साप्ताहिक
साप्ताहिक विमर्श
न्यूज ट्वाएन्टी फोर टेलिभिजन
सगरमाथा टेलिभिजन

तरूण साप्ताहिक
दृष्टि साप्ताहिक
पुनर्जागरण साप्ताहिक
मधेशवाणी साप्ताहिक
साँघु साप्ताहिक
नेपाल टेलिभिजन,
हिमालय टेलिभिजन नेटवर्क प्रा.लि.

कदरपत्रबाट सम्मानित भ्रष्टाचार विरूद्ध अभियानका अभियन्ता एवम् पत्रकारहरु

संगीतकार शम्भुजित बास्कोटा
टेलिभिजन पत्रकार केदार कोइराला
कान्तिपुर आज कार्यक्रमका प्रोगाम प्रोड्युसर बद्री गौतम
जनआह्वान साप्ताहिकका कार्यकारी सम्पादक खिल बहादुर भण्डारी
इमेज च्यानल टेलिभिजनका अलगधार कार्यक्रम मार्फत पत्रकार सुरेश शर्मा
भ्रष्टाचार विरूद्धको अभियान नेपालका अध्यक्ष संजय कुमार झा

आयोगद्वारा आयोजित गीत प्रतियोगिताका पुरस्कृत विजेताहरु

रमा अधिकारी कादम्बरी प्रथम रू. १०,०००। त्रिविक्रम पाण्डे द्वितीय रू. ८,०००। गोविन्द कुइँकेल तृतीय रू. ५,०००।

रू. २० हजार नगद र प्रमाणपत्र सहित उत्कृष्ट अख्तियार सेवा पुरस्कार र अख्तियार सेवा पुरस्कारबाट पुरस्कृत कर्मचारीहरु

सहसचिव प्रेम कुमार राई
सहन्यायाधिवक्ता श्रीधर सापकोटा
सहसचिव चिरन्जीवी खनाल
प्रहरी नायब महानिरीक्षक वीरेन्द्रबाबु श्रेष्ठ
उपसचिव शंकर बहादुर थापा
उपसचिव केशव प्रसाद घिमिरे
उपसचिव लक्ष्मी प्रसाद निरौला
उपसचिव खगेन्द्र प्रसाद रिजाल
सिनियर डिभिजन इन्जिनियर गोविन्द बहादुर श्रेष्ठ
प्रहरी नायब उपरीक्षक माधव खत्री
नायब सुब्बा जीवनकुमार पोखेल

सोही अवसरमा प्रमुख आयुक्तले आयोगका अन्य केही कर्मचारीहरुलाई नगद पुरस्कार सहित प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

रू. १० हजार नगद सहित प्रशंसा पत्र प्राप्त गर्नु हुनेहरु

इन्जिनियर सुरेन्द्र बैद्य
प्रहरी निरीक्षक शिवराज बस्नेत
प्रहरी निरीक्षक पुष्कर बस्नेत
कम्प्युटर अधिकृत नरेश कट्टेल
प्र.ना.नि. उत्तम सिंह भण्डारी
प्र.ना.नि. खड्ग बहादुर कार्की
कम्प्युटर अप्रेटर रंजित कुमार कर्ण
टाइपिष्ट नायब सुब्बा टेक बहादुर रावत

रू. ५ हजार नगद सहित प्रशंसा पत्र प्राप्त गर्नु हुनेहरु

प्र.स.नि. रूद्र बहादुर मगर
प्र.स.नि. रामचन्द्र महत
प्र.स.नि. प्रकाश खत्री
हलुका सवारी चालक कमलराज गिरी
प्रहरी हवल्दार प्रमिला श्रेष्ठ,
प्रहरी जवान सुब्बा सिंह घिसिङ
प्रहरी जवान अर्जुन घिमिरे

जाग जाग वीर नेपाली जाग

गीतकार – **लोक मान सिंह कार्की**
संगीतकार – **शम्भुजित वास्कोटा**
गायक – **आनन्द कार्की**
– **यम बराल**
– **सञ्जय लिम्बु**
वाद्य संयोजन – **मनोहर सुनाम**

जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
आयो अख्तियार, आयो अख्तियार, आयो अख्तियार, आयो अख्तियार
निर्मूल पारी छाड्छ भ्रष्टाचार, निर्मूल पारी छाड्छ भ्रष्टाचार
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग

जागरुकता जगाएर अघि बढ्छ अख्तियार, अख्तियार
चेतनालाई फैलाएर लत्याउनु छ भ्रष्टाचार
जागरुकता जगाएर अघि बढ्छ अख्तियार
चेतनालाई फैलाएर लत्याउनु छ भ्रष्टाचार
गाँस बास कपास हो हामी सबको अधिकार
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग

लड्न सिकौं भिड्न सिकौं अन्यायमा जुट्न सिकौं, जुट्न सिकौं
अत्याचारलाई सखाप पार्न जोस अनि जागर भिकौं
लड्न सिकौं भिड्न सिकौं अन्यायमा जुट्न सिकौं
अत्याचारलाई सखाप पार्न जोस अनि जागर भिकौं
हिम्मत साहस जुटाएर अराजकता अन्त्य गरौं
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग

अब आँखा नचिम्लनु जागिसक्यो अख्तियार, अख्तियार
अनिर्णयको बन्दी बने कारबाहीको पर्छ मार
अब आँखा नचिम्लनु जागिसक्यो अख्तियार
अनिर्णयको बन्दी बने कारबाहीको पर्छ मार
सुशासनको विगुल फुकी शून्य पार्छौं भ्रष्टाचार
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग

विकास निर्माण सुशासन हाम्रा सबै साथी हुन्, साथी हुन्
नैतिकता र विधिको शासन हामी सबको वाणी हुन्
विकास निर्माण सुशासन हाम्रा सबै साथी हुन्
नैतिकता र विधिको शासन हामी सबको वाणी हुन्
झूट, कपट, घुस्याहामा राख्छौं हामी निगरानी
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
आयो अख्तियार, आयो अख्तियार, आयो अख्तियार, आयो अख्तियार
निर्मूल पारी छाड्छ भ्रष्टाचार निर्मूल पारी छाड्छ भ्रष्टाचार
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग
जाग जाग वीर नेपाली जाग, गाउँ गाउँ बस्तीबाट जाग।

(यो थेम सङ्ग आयोगको वेभ साइट www.ciaa.gov.np मा सुन्न पनि सकिन्छ)

भ्रष्टाचारको बदलिंदो प्रकृति

भ्रष्टाचारजन्य क्रियाकलापहरू आजकल विविध स्वरूपमा देखा पर्न थालेका छन् र यसको प्रवृत्ति पनि विविध क्षेत्रहरूमा विस्तार हुँदै गएको देखिन्छ। त्यसैगरी भ्रष्टाचार आर्थिक चलखेलमा मात्र पनि सीमित छैन । हिजोआज तेस्रो चौथो पक्षबाट आर्थिक अनियमितता गर्ने गराउने प्रवृत्तिको पनि विस्तार भएको देखिएको छ। राज्यको माथिल्लो तहबाटै हुने नीतिगत अनियमितताले भ्रष्टाचार नियन्त्रणको कामलाई थप चुनौतीपूर्ण बनाइदिएको छ। सम्पत्ति पलायन गराई भ्रष्टाचारको ढाकछोप गर्न खोज्ने अभ्यासले यसको नियनत्रणमा अरू जटिलता थपेको छ। उल्लिखित परिवेशमा भ्रष्टाचारजन्य क्रियाकलापहरूको अनुसन्धान गर्न आयोगको कार्य क्षमतामा पनि क्रमश: अभिवृद्धि गर्दै जानु अपरिहार्य बनेको छ।

■

प्रभातफेरी कार्यक्रम

यसअघि आयोग स्थापना दिवसको अवसरमा बिहान ७:३० बजे माननीय प्रमुख आयुक्त, माननीय आयुक्त, आयोगका सचिव एवं उपस्थित अतिथिहरू सहित विद्यार्थी, प्रहरी ब्यान्ड बाजा र आयोगका कर्मचारीहरू समेतको समूहले भ्रष्टाचार विरुद्धका प्लेकार्ड र ब्यानर सहित रत्नपार्कको शान्तिबाटिकाबाट बागबजार, डिल्लीबजार, चारखाल, नक्साल भगवतीबहाल हुँदै आयोगसम्म प्रभातफेरी गरेको थियो। ■



अख्तियार दिवसको उपलक्ष्यमा आयोजित प्रभात फेरी कार्यक्रमको झलक

आयोगको विस्तारित भवनको शिलान्यास



प्रमुख आयुक्तले आयोगको विस्तारित भवनको शिलान्यास गर्नुहुँदै

आयोगको स्थापना दिवसको अवसरमा आयोगलाई आवश्यक विस्तारित भवनको माननीय प्रमुख आयुक्त लोक मान सिंह कार्कीले माघ २८ गते बिहान शिलान्यास गर्नुभयो। कुल बिल्ड अप एरिया २९२३.७० वर्गमिटर रहने उक्त भवन रु. ११,४८,३८,१२६।२४ को लागत सम्झौता भई दुई वर्षको अवधिमा सम्पन्न हुनेछ। ■

रक्तदान कार्यक्रम

आयोगको वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने क्रममा माघ २७ गते खुला रक्तदान कार्य सम्पन्न भयो। आयोग परिसरमा आयोजना गरिएको रक्तदान कार्यक्रम आयोगका माननीय प्रमुख आयुक्त लोक मान सिंह कार्कीले प्रथम रक्तदाता कर्मचारीलाई "ब्लड संकलन ब्याग" हस्तान्तरण गरी शुभारम्भ गर्नुभयो। सो अवसरमा आयोगमा कार्यरत निजामती कर्मचारी र प्रहरी लगायत ११८ जनाले रक्तदान गर्नुभएको थियो। ■



रक्तदाताहरुले रक्तदान गर्नु हुँदै

कम्बल तथा कपडा हस्तान्तरण

आयोगको स्थापना दिवसकै अवसरमा आयोजित एक कार्यक्रममा माघ २७ गते आयोगद्वारा नेपाल रेडक्रस सोसाइटीलाई ३५० थान कम्बल तथा कपडाहरू हस्तान्तरण गरियो ।उल्लिखित कम्बल तथा कपडाहरू आयोगका माननीय प्रमुख आयुक्त लोक मान सिंह कार्कीले नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय अध्यक्ष सञ्जीव थापालाई हस्तान्तरण गर्नुभएको थियो। कम्बल तथा कपडाहरू आयोगका पदाधिकारी र कर्मचारीहरूको सहयोगमा जुटाइएको थियो।



आयोग स्थापना दिवसको अवसरमा प्रमुख आयुक्तले नेपाल रेडक्रस सोसाइटीलाई कम्बल हस्तान्तरण गर्नु हुँदै

सो अवसरमा प्रमुख आयुक्त लोक मान सिंह कार्कीले मानवीय सेवामा समर्पित नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गर्न पाउँदा आफू र आयोग परिवार गौरवान्वित भएको बताउनु हुँदै हस्तान्तरित सामाग्री लक्षित समूहसम्म पुग्ने विश्वास व्यक्त गर्नुभयो। नेपाल रेडक्रस सोसाइटीको निष्पक्ष र सेवामुखी कार्यको प्रशंसा गर्नु हुँदै वहाँले सोसाइटीका जनहितकारी कार्यप्रति आयोग सर्वदा सहयोगी रहने अभिमत प्रकट गर्नुभयो।

प्रमुख आयुक्तले मानवीय सेवाका भावनाबाट यस पुनित कार्यमा संलग्न हुने सम्पूर्ण कर्मचारी तथा प्रहरीको भूमिकाको समेत प्रशंसा गर्नुभयो।

■

अन्तर्राष्ट्रिय सहकार्यमा आयोगको चासो

मात्रामा घटी बढी भए पनि भ्रष्टाचार विश्वका सबै मुलुकहरूको साझा समस्या हो। अतः यसको नियन्त्रण र न्यूनीकरणका लागि पनि अन्तर्राष्ट्रियस्तरको साझा प्रयत्न बढी फलदायी र प्रभावकारी हुने हुन्छ। यो तथ्यलाई मनन गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि आफ्नो दीर्घकालीन रणनीतिहरूमध्ये Building International Linkages लाई एक सहयोगी रणनीतिको रूपमा पहिचान गरेको हो। नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र भए अनुसार महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्ने क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यसैगरी विश्वभरका कम भ्रष्टाचारजन्य मुलुक जस्तो डेनमार्क, न्युजिल्यान्ड, फिनल्यान्ड, स्विडेन, नर्वे, सिंगापुर लगायतका राष्ट्रहरूबाट सिक्न सकिने विषयहरू खोजिनीति गरी भ्रष्टाचार विरुद्धका कामकारबाहीलाई थप प्रभावकारी बनाउन आयोग लागि परेको छ। यसका साथै आयोगले भ्रष्टाचार नियन्त्रणमा सक्रिय राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी एवम् गैरसरकारी संस्थासँग समेत सहकार्य गरी अगाडि बढ्ने नीति लिएको छ। विश्व बैंक, एसियाली विकास बैंक, युएनडीपी, डिएफआइडी जस्ता दातृसंस्थाका अतिरिक्त ट्रान्सपरेन्सी इन्टर नेसनल, गो गो फाउन्डेसन जस्ता निकायसँग समेत सहकार्य गरी सुशासन अभिवृद्धिका लागि आयोग क्रियाशील रहँदै आएको छ।

■

अदालतमा दायर गरिएका केही विशेष मुद्दाहरू

२०७० श्रावणदेखि माघ मसान्तसम्म आयोगबाट विशेष अदालत काठमाडौंमा दायर गरिएका मध्ये केही विशेष मुद्दाहरू निम्न अनुसार छन् :-

- महानगरीय प्रहरीवृत्त थानकोटका प्रहरी नायब उपरीक्षक तेजेन्द्र पौडेलले घूस रिसवत मागेको भन्ने विषयमा आरोपपत्र दायर- २०७० श्रावण २४।
- नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) मा स्पेसिफिकेसन विपरीतका सामान खरिदमा अनियमितता भएकोले बिगो रु. ५,११,८८,६७०।९० र सोही बराबरको जरिवाना हुन समेत माग दावी लिई आरोपपत्र दायर - २०७० श्रावण २८।
- नेपाल विद्युत प्राधिकरणले न्यून गुणस्तरको ट्रान्सफरमर खरिद गरी भ्रष्टाचार गरेको भन्ने विषयका भिन्नाभिन्नै मुद्दाहरूमा आयोगले कुल रु. ४१,१८,४०५७१।- बिगो कायम गरी विपक्षीहरूबाट जरिवाना असुल हुन मागदाबी लिई आरोपपत्र दायर – २०७० भाद्र ९।
- नारायणी उपक्षेत्रीय अस्पताल विकास समिति वीरगन्जमा दरबन्दी नै नभएको र अस्पताललाई धराशायी बनाउने नियतले रकम समेत लेनदेन गरी आफू अनुकूलका २४ जना कर्मचारीहरू नियुक्त गरी तलब भत्ता समेत वितरण गरेकोले रु.२,०१,१५१।९९ मागदाबी लिई ४ जना उपर आरोपपत्र दायर – २०७० भाद्र १६।
- जिल्ला वन कार्यालय सर्लाहीका सहायक वन अधिकृत मुकुन्द मरर समेतले अ.हे.व. पदमा जागिर लगाइदिन्छु भनी रकम हिनामिना गरेकोले निज उपर बिगो रु. ३४,५५,००१।- मागदाबी सहित आरोपपत्र दायर- २०७० भाद्र २४।
- नेपाल विद्युत प्राधिकरणले न्यून गुणस्तरको ट्रान्सफर्मर खरिद गरी भ्रष्टाचार गरेको भन्ने विषयमा डा.जिवेन्द्र झासमेतलाई रु. ४६,७६,६३,०६४।६६ जरिवाना तथा बिगो मागदाबी गरी आरोपपत्र दायर - २०७० भाद्र २८।
- जिल्ला विकास समिति महोत्तरीका इन्जिनियर विनोद कुमार ठाकुरले निमित्त स्थानीय विकास अधिकारी हुँदा स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत सडक निर्माणका लागि विनियोजित रु.४०,००,०००।- हिनामिना गरेकोले आरोपपत्र दायर - २०७० भाद्र २८।
- नवलपरासी सनवलको राष्ट्रिय वन फडानी गरी आफू तथा वन कार्यालयका कर्मचारीहरूलाई लाभ पुऱ्याउने बदनियतले रु. ३६,५४,३३७।- बराबरका सार्वजनिक सम्पत्ति हानिनोक्सानी पुऱ्याएकोले आरोपपत्र दायर – २०७० आश्विन ८।
- चितवन मेडिकल कलेजमा भएको आर्थिक हिनामिना सम्बन्धमा चार्टर्ड एकाउन्टेन्ट भानु कँडेल र उप-रजिष्टार लालबाबु कवारी उपर आरोपपत्र दायर- २०७० आश्विन १४।
- वैदेशिक रोजगार विभागका निर्देशक रमेशप्रसाद मैनाली समेत र अध्यागमन कार्यालयका कर्मचारी एवं मेनपावर कम्पनीका सञ्चालक र विचौलियाहरू समेत गरी ६४ जनाका विरुद्ध बिगो रु.३४,३९,५००।- कायम गरी आरोपपत्र दायर - २०७० मंसिर १८।
- ऋणि केशवलाल खोसी श्रेष्ठलाई ऋण प्रवाह गर्दा बुझ्नुपर्ने महत्वपूर्ण कुराहरू हेर्दै नहेरी रु. १,८७,५००।- भएको जग्गाको रु. ७०,००,०००।- लाख सम्म मूल्याङ्कन गरी आफूहरू समेतलाई गैरकानुनी लाभ पुऱ्याउने सिताराम प्रसाई समेतलाई बिगो रु १,५८,०४,७५२।६७ र सो बराबरको जरिवाना एवं सजाय हुन माग गरी आरोपपत्र दायर - २०७० मंसिर २८।
- गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा देवेन्द्र डंगोल र अनुजबहादुर सिंह उपर आरोपपत्र दायर - २०७० पौष ३।
- बारा जिल्लाका ७ वटा सामुदायिक वनहरूमा कुल ५१,५७०.४६ क्यू. फिट काठ हिनामिना एवं हानिनोक्सानी गरी गराई कुल रु.३,४२,८०,५२२।२५ बराबरको भ्रष्टाचार गरेको आरोपमा २५ जना उपर आरोपपत्र दायर- २०७० पौष ५।
- अञ्चल प्रहरी कार्यालय बाग्मतीका लागि खरिद जग्गामा नेपाल सरकारलाई रु. १,७९,८२,८९६।- हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा ४ जना उपर आरोपपत्र दायर - २०७० पौष ७।
- समाज कल्याण परिषद्का तत्कालीन कोषाध्यक्ष मनरूप शाही समेत ४ जना उपर आरोपपत्र दायर - २०७० पौष १७। ■

सदाचारीलाई स्वागत
भ्रष्टाचारीलाई बहिष्कार ।

घूस लिने र दिने दुवै
उत्तिकै दोषी हुन् ।

भ्रष्टाचार विरूद्ध शून्य
सहनशीलताको विकास गरौं ।

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई
पुरस्कारको संस्कृति विकास गरौं ।

क्षेत्रीय कार्यालय र सम्पर्क कार्यालयहरूको उद्घाटन

माननीय प्रमुख आयुक्त लोक मान सिंह कार्कीले यस अवधिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विभिन्न क्षेत्रीय कार्यालयहरूको उद्घाटन गर्नुभयो। पश्चिमाञ्चलको पोखरा, मध्यमाञ्चलको हेटौंडा र पूर्वाञ्चलको धनकुटा स्थित क्षेत्रीय कार्यालयहरूको उद्घाटन गर्ने क्रममा प्रमुख आयुक्तले सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता र ढिलासुस्तीलाई अनुगमन, अनुसन्धान एवं नियमन गर्ने र सबै क्षेत्रमा जवाफदेहिताको विकास गरी देश विकासमा टेवा पुऱ्याउने प्रयास स्वरूप आयोगको क्षेत्रीय कार्यालयहरू स्थापना गरिएको जानकारी गराउनुभएको थियो। उद्घाटनका अवसरहरूमा प्रमुख आयुक्तले जनताको नाममा विनियोजन भएको बजेटको पूर्ण सदुपयोग गर्न जिम्मेवार भई आ-आफ्नो क्षेत्रमा लाग्न आग्रह गर्दै सार्वजनिक निकायको लक्ष्य अन्ततः विकास र सुशासन भएकाले आयोगले भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता र ढिलासुस्तीलाई अनुगमन, अनुसन्धान एवं नियमन गर्ने धारणा व्यक्त गर्नुहुँदै सबै क्षेत्रमा जवाफदेहिताको विकास गरी देश विकासमा टेवा पुऱ्याउन समेत आग्रह गर्नुभयो।



इटहरीस्थित आयोगको सम्पर्क कार्यालय उद्घाटन

यसैबीच प्रमुख आयुक्तले आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालय, धनकुटाको इटहरीस्थित सम्पर्क कार्यालय र सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय दिपायलको महेन्द्रनगरस्थित सम्पर्क कार्यालयको समेत उद्घाटन गर्नुभएको थियो।

■

भ्रष्टाचार नियन्त्रणका लागि आयोगको नेतृत्वदायी भूमिकाको अपेक्षा

नेपालको अन्तरिम संविधान, २०६३ ले सार्वजनिक क्षेत्रमा हुने अख्तियारको दुरुपयोग र भ्रष्टाचारको नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिएको छ। यो संवैधानिक दायित्व निर्वाह गर्ने क्रममा आफ्नो कार्य सम्पादनलाई स्वच्छ, परिणाममुखी, व्यवस्थित र दिगो तुल्याउन आयोग सदैव सचेत र क्रियाशील पनि छ।

संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा यसबाट सिर्जित दायित्व र जिम्मेवारी निर्वाह गर्नका लागि मौजुदा कानुनको परिमार्जन तथा आवश्यक कानुनको तर्जुमा र भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरूको क्षेत्राधिकार र तिनीहरूबीचको समन्वयका लागि आवश्यक नीतिगत, संरचनागत र कार्यगत व्यवस्थामा पुनरावलोकन हुनुपर्ने खाँचो स्पष्ट रूपमा महसुस गरिएको छ।

भ्रष्टाचार नियन्त्रणका क्रममा प्रवर्द्धनात्मक कार्य गर्न र क्षेत्रगत रूपमा भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गर्न विभिन्न निकायहरू खडा भएको सन्दर्भमा क्षेत्राधिकारको अस्पष्टता, भूमिकामा दोहोरोपना, कार्यसम्पादनमा अप्रभावकारिता तथा कार्यगत द्विविधा समेत देखिएकाले भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने र सो को अनुगमन गर्ने कार्यको नेतृत्व अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटै हुने व्यवस्था भएमा भ्रष्टाचारजन्य कार्यको नियन्त्रणमा थप प्रभावकारिता आउने विश्वास गरिएको छ।

■

सरोकारवालाहरूसँग प्रमुख आयुक्तको अन्तरक्रिया

माननीय प्रमुख आयुक्त लोक मान सिंह कार्की यसबीच विभिन्न क्षेत्रहरूमा आयोजित भ्रष्टाचार विरुद्धका सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रमहरूमा सरिक हुनुभयो। जिल्लास्थित कार्यालयका प्रमुख, नागरिक समाज, पत्रकार र भ्रष्टाचार विरुद्धका अभियन्ताहरू समेतको सहभागितामा सम्पन्न ती अन्तरक्रिया कार्यक्रमहरूमा प्रमुख आयुक्तले जनताका लागि छुट्याइएको बजेटको दुरुपयोग नगर्न र जनताका दुखमा संवेदनशील हुन आग्रह गर्नुभएको थियो। अन्तरक्रिया कार्यक्रमहरूलाई सम्बोधन गर्ने क्रममा अख्तियारको गन्तव्य र सार्वजनिक निकायको लक्ष्य अन्ततः विकास र सुशासन भएकाले सबै तहमा समन्वयात्मक रूपमा काम गर्न प्रमुख आयुक्तले निर्देशन दिनुभयो। अर्काको टाउकोमा जिम्मेवारी फालेर समस्याको समाधान हुँदैन भन्नुहुँदै प्रमुख आयुक्तले सम्बन्धित निकायले गर्ने अनुगमन र निर्देशनको काम अख्तियारले गर्नुपरेको बताउनुभयो। सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता र ढिलासुस्तीलाई अनुगमन, अनुसन्धान एवं नियमन गर्ने र सबै क्षेत्रमा जवाफदेहिताको विकास गरी देश विकासमा टेवा पुऱ्याउने आयोगको गहन जिम्मेवारी केन्द्रीय कार्यालयबाट मात्र भन्दा क्षेत्रीय कार्यालयहरूबाट सुनिश्चित हुने हुँदा क्षेत्रीय कार्यालयहरू स्थापना गरिएको विचार पनि सो अवसरमा प्रमुख आयुक्तले व्यक्त गर्नुभयो। भ्रष्टाचार र अनियमितताका सूचनाहरू आयोगलाई उपलब्ध गराउन तथा खोज पत्रकारिताको विकास गरी जिम्मेवार पत्रकारिताको भूमिका निर्वाह गर्न पत्रकारजगतलाई अनुरोध गर्दै प्रमुख आयुक्तले गलत प्रवृत्तिका व्यक्ति जो कोहीलाई पनि समान रूपले कारबाही गर्ने र आयोगले कुनै पनि किसिमको छुट नदिने विश्वास दिलाउनुभएको थियो। अन्तरक्रिया कार्यक्रमहरू पोखरा, हेटौंडा, विराटनगर, धनकुटा, सुर्खेत र महेन्द्रनगरमा आयोजना गरिएका थिए। पूर्वाञ्चलको कार्यक्रममा माननीय आयुक्त केशव प्रसाद बरालको समेत सहभागिता थियो। आयोगका सचिव केशव प्रसाद भट्टराईले अन्तरक्रिया कार्यक्रमहरूमा सहभागिता जनाउनुभएको थियो। ■



प्रमुख आयुक्तबाट भएको अन्तरक्रिया कार्यक्रम

सरोकारवालाहरूसँग आयुक्तको अन्तरक्रिया

माननीय आयुक्त केशव प्रसाद बरालको प्रमुख आतिथ्यमा विभिन्न मितिमा कञ्चनपुर, डोटी र सुर्खेत जिल्लाहरूमा **भ्रष्टाचार नियन्त्रणमा नागरिक समाजको भूमिका आजको आवश्यकता** विषयक अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन्। जिल्लास्थित सम्पूर्ण कार्यालय प्रमुख, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधि, भ्रष्टाचार विरुद्धका सम्बन्धित संस्था, पत्रकार, शिक्षक, समाजसेवी तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेका ती कार्यक्रमहरूमा आयुक्तले सुशासनका लागि अख्तियारको दुरुपयोग र भ्रष्टाचार नियन्त्रण आम नागरिकको चाहना रहेकोले त्यस्तो जनचाहना पूरा गर्न आयोग कटिबद्ध रहेको धारणा राख्नुभएको थियो। त्यसैगरी आयुक्तले अन्तरक्रिया कार्यक्रममा आयोगबाट हुने कारबाहीलाई वस्तुनिष्ठ बनाउन अनुसन्धान प्रक्रिया चुस्त, दुरुस्त र तथ्यपरक हुनुपर्ने विचार व्यक्त गर्नुभएको थियो। अन्तरक्रिया कार्यक्रमकै दौरान आयुक्तले आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय दिपायल र मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय सुर्खेतको उद्घाटन गर्नुभएको थियो। ■



अन्तरक्रिया कार्यक्रममा संबोधन गर्नु हुँदै आयोगका आयुक्त

अन्तर्राष्ट्रिय भ्रमण र गतिविधि

प्रमुख आयुक्त लोक मान सिंह कार्कीको चीन भ्रमण

जनवादी गणतन्त्र चीनको Ministry of Supervision of China का महामहिम मन्त्री Mr. Huang Shuxian को निमन्त्रणामा 25 October 2013 तद्अनुसार २०७० कात्तिक ८ मा माननीय प्रमुख आयुक्त लोक मान सिंह कार्कीको नेतृत्वमा आयोगको एक प्रतिनिधिमण्डलले चीनको अवलोकन भ्रमण सम्पन्न गऱ्यो। सो प्रतिनिधिमण्डलमा आयोगका सचिव केशव प्रसाद भट्टराई समेतको सहभागिता रहेको थियो।

भ्रमणका क्रममा प्रतिनिधिमण्डलले 28 October 2013 तद्अनुसार २०७० कार्त्तिक ११ गते Ministry of Supervision of China का महामहिम मन्त्री Mr. Huang Shuxian सँग भेटवार्ता गरेको थियो। सो भेटघाटमा चिनिया पक्षबाट उपमन्त्री Hao Mingjin र मन्त्रालयका निर्देशकद्वय Sheng Qiuwen र Shao Shuwang सहितका उच्चपदस्थ पदाधिकारीहरूको सहभागिता रहेको थियो भने नेपाली प्रतिनिधिमण्डलमा चीनका लागि नेपाली महामहिम राजदूत महेश मास्के समेतको सहभागिता थियो।

भेटवार्तामा महामहिम मन्त्री Huang Shuxian ले जनवादी गणतन्त्र चीनको Ministry of Supervision of China ले देशका पदाधिकारी तथा कर्मचारीहरूबाट हुने अनियमित कार्य र भ्रष्टाचारको नियन्त्रण, अनुसन्धान र निर्णयमा निर्वाह गर्ने जिम्मेवारी, कार्यविधि, कार्य प्रणाली र कानुनी व्यवस्थाको बारेमा जानकारी गराउनुभएको थियो। चीनको तीव्रतर आर्थिक विकास र भ्रष्टाचार नियन्त्रणसम्बन्धी संयन्त्रको प्रभावकारिताबीच गहन सम्बन्ध रहेको विचार उल्लेख गर्दै महामहिम Huang Shuxian ले कानुनको कार्यान्वयन भए नभएको निगरानी गर्न र आर्थिक अनुशासन कायम गर्न मन्त्रालयबाट देशभर ४ लाख ६० हजार जनशक्ति परिचालन गरेको जानकारी दिनुभएको थियो।

भेटवार्तामा नेपाली प्रतिनिधिमण्डलका नेता प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, यसको कार्यक्षेत्र, अधिकार, कार्यविधि र संवैधानिक तथा कानुनी व्यवस्थाहरूको बारेमा चिनिया पक्षलाई अवगत गराउनुभएको थियो। उहाँले संवैधानिक संस्थाको रूपमा स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोग विश्वमै नमुना संस्थाको रूपमा रहेको र यसले निरोधात्मक, प्रवर्द्धनात्मक र नियन्त्रणात्मक कार्यहरू सम्पादन गर्ने जानकारी गराउनुभएको थियो। आयोगको संस्थागत सुधार तथा क्षेत्रीय कार्यालयहरू विस्तारको बारेमा जानकारी गराउँदै प्रमुख आयुक्तले आफ्नो कार्यकालमा आयोगलाई एक सफल संस्थाको रूपमा विकास गर्ने योजना बनाइ त्यसको कार्यान्वयनको सुरुवात समेत गरेको जानकारी गराउनुभएको थियो।

भेटका अवसरमा नेपाल र चीनबीच विकासका क्षेत्रहरूमा साझेदारी भइरहेको तर भ्रष्टाचार नियन्त्रणको पक्षमा औपचारिक सम्बन्ध नरहेको अवस्थामा नेपाली प्रतिनिधिमण्डलको यो भ्रमणले सहकार्यमा एक अध्याय थपेको धारणा राख्दै द्विपक्षीय सहयोग आदान प्रदान गर्ने कार्य र सम्बन्धको पाटोमा थप ऊर्जा थपेको विचार व्यक्त गर्नुभएको थियो। चीन सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षमता अभिवृद्धि, प्रविधि विकास, प्रामाणिक अनुसन्धानमा सहयोग, अनुसन्धान प्रयोगशाला स्थापना तथा मानवस्रोत विकासमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। यसका अतिरिक्त भ्रष्टाचार नियन्त्रणमा दुई पक्षबीच सबै तहमा भ्रमण आदान प्रदान गर्ने र नेपाली पक्षलाई अनुसन्धान एवं व्यवस्थापन लगायत विषयमा निरन्तर तालिमका अवसर



भेटवार्ताको क्रममा द्विपक्षीय सहयोगको बारेमा छलफल हुँदै

उपलब्ध गराउने विषयमा समेत चीन सरकारले सहमति जनाएको छ।

प्रमुख आयुक्तले चीनको विकास, व्यवस्थापन, भ्रष्टाचार नियन्त्रण संयन्त्र र नेतृत्वको प्रत्यक्ष अवलोकन गर्ने अवसर प्रदान गरेकोमा चिनिया पक्षलाई धन्यवाद दिनुभयो। सुशासन र अनुशासन बीचको दरिलो सम्बन्ध र सो सम्बन्धको कारणले हासिल भएको तीव्रतर विकासको अध्ययन अवलोकन नै यो भ्रमणको प्रमुख उद्देश्य रहेको जानकारी गराउँदै प्रमुख आयुक्तले चीनको प्रणालीबाट सिक्न सकिने प्रशस्त सम्भावनाहरू रहेको विचार व्यक्त गर्नुभयो।

प्रमुख आयुक्त नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले सो भ्रमणका अवसरमा सांघाई, छेण्डु, गोञ्जाउ र सिञ्चुवानको भ्रमण गरी Ministry of Supervision of China अन्तर्गतका उच्च पदाधिकारीहरूसँग भेटवार्ता गरेको थियो। प्रान्तहरूको भ्रमणका अवसरमा मन्त्रालयका प्रान्तीय ब्युरो प्रमुखहरूले स्वागत तथा बिदाइ गर्नुभएको थियो भने चिनिया कम्युनिस्ट पार्टीका सम्बन्धित प्रान्तीय अनुशासन आयोगका प्रमुखसँग समेत भेटवार्ता गरिएको थियो। आयोगको प्रतिनिधिमण्डल 2 November 2013 तद्अनुसार २०७० कार्त्तिक १६ गते स्वदेश फिर्ता भएको थियो। ■

आयुक्त केशव प्रसाद बरालको ADB/OECD सम्मेलनमा सहभागिता

माननीय आयुक्त केशव प्रसाद बरालले २३-२५ जुलाई २०१३ मा Dili, Timor-Leste मा सम्पन्न 12th Regional Seminar and 18th Steering Group Meeting of ADB/OECD मा आयोगको तर्फबाट सहभागिता जनाउनुभयो। आयोगका सहसचिव प्रेम कुमार राईको पनि उक्त सम्मेलनमा सहभागिता रहेको थियो। बैठकमा ३२ राष्ट्रका प्रतिनिधिहरूको सहभागिता थियो। सम्मेलनको मुख्य एजेन्डा भ्रष्टाचार विरुद्धको निकायलाई कसरी बलियो बनाउने र सूचनादाताको सुरक्षा कसरी गर्न सकिन्छ भन्ने विषय रहेको थियो। सम्मेलनको उद्घाटन मन्तव्य दिँदै टिमोर लेसेका राष्ट्रपति Taur Matan Ruak ले आफ्नो राष्ट्रको प्राथमिकता Investment in Quality भएको जानकारी गराउनुभएको थियो। ■

सचिव केशव प्रसाद भट्टराईको UNCAC State Parties को सम्मेलनमा सहभागिता

२५-२९ नोभेम्बर, २०१३ मा पनामा सहरमा भएको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिका पक्ष राष्ट्रहरूको पाँचौं सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको सदस्यका रूपमा आयोगका सचिव केशव प्रसाद भट्टराई र सहन्यायाधिवक्ता श्रीधर सापकोटाले सहभागिता जनाउनुभयो। उक्त सम्मेलनमा नेपाल, भारत, चीन, अमेरिका लगायत १३९ पक्ष राष्ट्रहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। प्रत्येक २ वर्षमा हुने सम्मेलनमा महासन्धि कार्यान्वयन गर्न पक्ष राष्ट्रहरूले अवलम्बन गरेको नीति, योजना तथा कार्यक्रमहरूको समीक्षा गर्न तथा देखापरेका समस्या तथा चुनौतीहरू सामना गर्न सम्भाव्य उपायहरूको खोजी तथा पहिचान गर्ने गरिन्छ। यस प्रकारको चौथो सम्मेलन मोरक्कोको म्याराकशमा भएको थियो। नेपाली प्रतिनिधिमण्डलले सन्धिको कार्यान्वयनमा देखापरेका समस्या तथा चुनौतीहरू, अन्तर्राष्ट्रिय सहयोग, सम्पत्ति फिर्ता लगायत नेपालको वर्तमान अवस्थाको बारेमा प्रस्तुत गरेको थियो। ■

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रणनीतिक गन्तव्य

"भ्रष्टाचारमुक्त राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने" दीर्घकालीन गन्तव्य सहित आयोगले आफ्नो ६ वर्षे रणनीति तयार गरेको छ। यस अन्तर्गत तीनवटा मुख्य रणनीति र अरु तीनवटा सहयोगी रणनीतिहरू पहिचान गरी तीनका माध्यमबाट आयोगले उल्लिखित गन्तव्यमा पुग्ने प्रयत्न गरेको छ। आयोगले Strengthening Enforcement, Corruption Prevention र Public Awareness and Education जस्ता क्रियाकलापहरूलाई मुख्य रणनीतिको रूपमा प्रस्ताव गर्दै Capacity Development, Coordination and Collaboration र Building International Linkages गरी थप तीनवटा सहयोगी रणनीतिहरू प्रस्ताव गरेको छ। यिनै रणनीतिहरूका माध्यमबाट आयोगले भ्रष्टाचारमुक्त राज्य निर्माणमा सहयोग पुऱ्याउने आफ्नो दीर्घकालीन गन्तव्य किटान गरेको हो। ■

आयोगद्वारा सञ्चालित अन्य केही महत्वपूर्ण गतिविधिहरू

सामुदायिक शिक्षा कार्यक्रम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी कार्यमा प्रवर्द्धनात्मक कार्यलाई पनि उत्तिकै महत्व दिई आएको छ। यसै सिलसिलामा विभिन्न ठाउँमा सामुदायिक शिक्षा कार्यक्रम भएका छन्। यस आर्थिक वर्षमा हालसम्म निम्नानुसार सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न भए।

क्र.सं.	विद्यालयको नाम	ठेगाना	मिति	सहभागी संख्या
१	जनता उच्च मा.वि. का कक्षा ९ र १०	नवलपरासी	२०७० असोज १३	१२७
२	नवजीवन उच्च मा.वि. का कक्षा १०	नवलपरासी	२०७० असोज १३	११२
३	सरस्वती उच्च मा.वि. का कक्षा १०	नवलपरासी	२०७० असोज १४	९८
४	नेपाल लोक सेवा उच्च मा.वि. का कक्षा ११	नवलपरासी	२०७० असोज १४	९७
५	दुर्गा उच्च मा.वि. का कक्षा १०	चितवन	२०७० असोज १५	७०
६	दुर्गा उच्च मा.वि. का कक्षा ११	चितवन	२०७० असोज १५	५८
		जम्मा:		५६२

कार्यक्रम आयोगका उपसचिव केशव प्रसाद घिमिरे र लक्ष्मण गौतम तथा शाखा अधिकृत रामबहादुर तामाङ र दुर्गा प्रसाद पाठकले सञ्चालन गर्नुभएको थियो।



सामुदायिक शिक्षा कार्यक्रम पश्चात् सहभागीहरुका साथमा प्रशिक्षकहरु

तालिम कार्यक्रम

आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि विगत वर्षहरूदेखि नै विभिन्न प्रकारका तालिम कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन्। यस आ.व. मा हालसम्म निम्नबमोजिमका तालिमहरू सञ्चालन भएका छन्।

सि.नं.	तलिमको विषय	अवधि	सहभागी संख्या
१	आधारभूत तालिम कार्यक्रम (सहायक स्तरीय)	१६ र १७ आश्विन २०७०	३६
२	आधारभूत तालिम कार्यक्रम (अधिकृत स्तरीय)	६ देखि ११ आश्विन २०७०	२५
३	आधारभूत तालिम कार्यक्रम (अधिकृत स्तरीय)	७ देखि १२ कार्तिक २०७०	२२
४	गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी अनुसन्धान तालिम	२९ कार्तिकदेखि मंसिर १, २०७०	२३
५	गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी अनुसन्धान तालिम	६ देखि ७ मंसिर २०७०	२०
६	कम्प्रिहेन्सिभ बैंकिङ तालिम	१६ देखि ३० मंसिर २०७०	४
७	अभियोगपत्र लेखन सिप विकास तालिम	८ देखि ९ पौष २०७०	१७
८	अभियोगपत्र लेखन सिप विकास तालिम	११ देखि १२ पौष २०७०	२५
९	युनिकोड टाइपिङ तालिम	२४ पौष २०७०	३१
१०	युनिकोड टाइपिङ तालिम	२५ पौष २०७०	१९
११	भूमिसम्बन्धी अनुसन्धान तालिम	१२ देखि १७ मंसिर २०७०	२५
१२	सार्वजनिक खरिदसम्बन्धी अनुसन्धान तालिम	१८ देखि २३ मंसिर २०७०	२५
१३	बैंकिङसम्बन्धी अनुसन्धान तालिम	१ देखि ६ पौष २०७०	२५
१४	आधारभूत तालिम कार्यक्रम (अधिकृत स्तरीय)	९ देखि १५ माघ, २०७०	२६
१५	आधारभूत तालिम कार्यक्रम (सहायक स्तरीय)	५ देखि ९ फागुन २०७०	२७

रेडियो कार्यक्रम सदाचार

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रणका लागि दण्डात्मक कार्यका साथै निरोधात्मक र प्रवर्द्धनात्मक कार्य पनि सँगसँगै सञ्चालन गर्दै आइरहेको छ। प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत भ्रष्टाचारका विरुद्धमा जनचेतना जगाई भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा सहयोग गर्ने उद्देश्यले आयोगले रेडियो कार्यक्रम सदाचार सञ्चालन गर्दै आएको छ।

आफ्नो सुविधा अनुसार यो कार्यक्रम आयोगको Website: www.ciaa.gov.np मा पनि सुन्न सकिन्छ। आयोगको गतिविधि, भ्रष्टाचारका विरुद्धमा विभिन्न सूचनामूलक सामग्रीहरूका साथ जनसरोकारका विभिन्न विषयवस्तु समेटी प्रसारण हुने रेडियो कार्यक्रम सदाचार सुन्न नबिर्सौं।

■

सदाचार ! निष्पक्षता ! निडरता !

आयोगको प्राथमिकता:

- भ्रष्टाचार विरुद्ध शून्य-सहनशिलता कायम गर्दै, सुशासन, जनउत्तरदायी सेवा एवं विकास निर्माणको प्रवर्द्धन गर्ने गराउने ।
- जिम्मेवारी पन्छाउने तथा निर्णय नगर्ने प्रवृत्ति पनि एक किसिमको अख्तियारको दुरुपयोगजन्य कार्य हो । यस्तो कार्यमा संलग्न सबै पदाधिकारीहरु उपर कारवाही गर्ने, गराउने ।

दीर्घकालीन रणनीति पत्र

भ्रष्टाचार नियन्त्रणको कार्यलाई परिणाममुखी, व्यवस्थित र दिगो तुल्याउन अल्पकालीन रणनीतिका साथै दीर्घकालीन रणनीति पनि आवश्यक हुन्छ। केही हदसम्म भ्रष्टाचारजन्य क्रियाकलापहरू सामाजिक मूल्य मान्यता, शैक्षिक पृष्ठभूमि र व्यक्तिको सोंच (Attitude) जस्ता विषयले निर्धारण गर्ने हुँदा ती कुराहरूमा परिवर्तन ल्याउन दीर्घकालीन दृष्टिकोणका साथ अघि बढ्नु जरुरी छ। यसका साथै भ्रष्टाचार नियन्त्रणका क्रियाकलापलाई व्यवस्थित, दिगो र भरपर्दो बनाउन पनि आयोगको दीर्घकालीन रणनीति अत्यावश्यक छ। यही मान्यताबाट निर्देशित भई आयोगले युनएनडीपीसँगको सहकार्यमा २०१४-२०१९ सम्मको ६ वर्षे दीर्घकालीन रणनीति तयार गरेको छ। भ्रष्टाचारमुक्त नेपाल निर्माणमा सहयोग पुऱ्याउने परिकल्पनाका साथ तर्जुमा गरिएको रणनीतिपत्रले तीनवटा मुख्य रणनीति र तीनवटा सहयोगी रणनीति पहिचान गरेको छ। यसमा आयोगको दीर्घकालीन लक्ष्य हासिल गर्न संस्थागत र मानवीय क्षमता विकासका अतिरिक्त भ्रष्टाचार विरुद्धको वातावरण निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ। ■

भिडियो कन्फ्रेन्स तथा सीसीटीभीको प्रयोग

आयोगको कामलाई थप प्रभावकारी र परिणाममुखी बनाउन युनएनडीपीको सहयोगमा भिडियो कन्फ्रेन्स तथा सीसीटीभी जडान गर्ने कार्य भएको छ। यस अन्तर्गत आयोग परिसरमा ३६ वटा सीसी क्यामेरा जडान गरिएको छ भने त्यसको निरीक्षण रेखदेख लगायत व्यवस्थापन गर्ने प्रयोजनका लागि छुट्टै सर्भरको व्यवस्था पनि गरिएको छ। साथै आयोगका पाँचवटै विकास क्षेत्र अन्तर्गतका कार्यालयहरूमा भिडियो कन्फ्रेन्स प्रणाली जडान भई सञ्चालनमा आएको छ। यसबाट आयोग र क्षेत्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरूकै बीच पनि संवाद गर्ने, निर्देशन लिनेदिने वा सूचना आदान प्रदान गर्न सकिने सुविधा उपलब्ध भएको छ। ■

विशेषज्ञ सचिवालयबाट सम्पन्न केही महत्वपूर्ण कार्यहरू:

- आयोगका निर्णयहरूको कार्यान्वयनको अनुगमन
  - अस्पतालजन्य फोहोरमैलाको व्यवस्थापन
  - मिटर ट्याक्सीहरूको नियमन
  - खाद्य वस्तुहरूमा अखाद्य वा विषादी पदार्थको प्रयोगको नियन्त्रण
  - खाद्य पदार्थ तथा सिमेन्ट जस्ता उपभोग्य वस्तुको गुणस्तर तथा परिमाण अनुगमन
  - चाडपर्व तथा विभिन्न समयमा खाद्य वस्तु तथा इन्धनको आपूर्ति व्यवस्था
  - हाउजिङ अपार्टमेन्ट तथा आवाससम्बन्धी जनगुनासो
  - शैक्षिक कन्सल्टेन्सीहरूले प्रदान गरेको सेवाको अनुगमन
  - सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण र संरक्षण
  - नेपाल आयल निगमको कार्य प्रणालीमा सुधार
  - काठमाडौं उपत्यका लगायत विस्तारित विभिन्न सडकहरूको पुनर्निर्माण
  - फेवाताल लगायतका ताल तलैयाहरूको अतिक्रमण नियन्त्रण र संरक्षण
  - त्रिभुवन विमानस्थलको धावनमार्ग लगायतका कमीकमजोरीहरूको सुधार
  - मेडिकल कलेज र स्वास्थ्य सेवासँग सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया र अनुगमन
  - शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगार र स्थानीय विकाससँग सम्बन्धित विषयहरूका सम्बन्धमा विशेष अनुगमन
- विभिन्न निकायहरूसँग नियमित समीक्षात्मक बैठक,
- मन्त्रालय, विभाग, कार्यालय तथा मातहत निकायहरूको सुशासनसम्बन्धी कार्ययोजना, कार्यविधि तथा आचारसंहिता तर्जुमाको अनुगमन,
- आवश्यकता अनुसार सम्बन्धित महाशाखाबाट विशेषज्ञको राय माग गरिएकोमा राय प्रदान,

■

भ्रष्टाचार अनुभूति सूचकाङ्क २०१३ सार्वजनिक

ट्रान्सपरेन्सी इन्टरनेशनलले December २०१३ मा विश्वका १७७ राष्ट्रको सार्वजनिक क्षेत्रमा सर्वेक्षण गरी भ्रष्टाचार अनुभूति सूचकाङ्क २०१३ सार्वजनिक गरेको छ। शून्य अंकले बढी भ्रष्ट र १०० अंकले भ्रष्टाचार विहीन जनाउने सो सूचीमा ९१ अंकका साथ प्रथम स्थानमा डेनमार्क र न्युजिल्यान्ड रही अत्यन्तै कम भ्रष्टाचार हुने मुलुकको सूचीमा परेका छन्। त्यसैगरी अफगानिस्तान, उत्तर कोरिया र सोमालिया ०८ अंकका साथ विश्वको सबैभन्दा भ्रष्ट मुलुकको रूपमा १७५ औं स्थानमा रहेका छन् भने उक्त सूचीमा नेपाल ३१ अंकका साथ ११६ औं स्थानमा पुगेको छ। गत २०११ मा २२ अंकका साथ १५४ औं स्थान र २०१२ मा २७ अंकका साथ १३९ औं स्थानमा रहेको थियो। स्मरणीय छ ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार ५० अंकभन्दा कम प्राप्त गर्ने मुलुक भ्रष्टाचारले व्याप्त मुलुकका रूपमा लिने गरिन्छ।

सो सूचीमा सार्क क्षेत्रका अन्य राष्ट्रमा भुटान ६३ अंकका साथ ३१ औं स्थानमा, श्रीलंका ३७ अंकका साथ ९१ औं स्थानमा, भारत ३६ अंकका साथ ९४ औं स्थानमा, पाकिस्तान २८ अंकका साथ १२७ औं स्थानमा र बंगलादेश २७ अंकका साथ १३६ औं स्थानमा रहेको छ। सन् २०१२ को तथ्यांक अनुसार सार्क राष्ट्रहरूमा भुटान ६३ अंकका साथ ३३ औं स्थानमा, श्रीलंका ४० अंकका साथ ७९ औं स्थानमा, भारत ३६ अंकका साथ ९४ औं स्थानमा, बंगलादेश २६ अंकका साथ १४४ औं स्थानमा पाकिस्तान २७ अंकका साथ १३९ औं स्थानमा र अफगानिस्तान ०८ अंकका साथ १७४ औं स्थानमा थिए। ■

आयोगमा दर्ता उजुरी र फछ्यौंटको विश्लेषणः पुराना मुद्दा फछ्यौंटमा विशेष सक्रियता

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा वि.सं. २०७० श्रावणदेखि फागुन मसान्तसम्म जम्मा १५१०० वटा उजुरीहरू दर्ता भएकोमा ९७५० वटा उजुरी फछ्यौंट भई ६७ प्रतिशत प्रगति भएको छ। अघिल्लो आर्थिक बर्ष २०६९/७० को सोही अवधिमा जम्मा ७५३२ वटा उजुरी दर्ता भएकोमा ३७६६ अर्थात ५० प्रतिशत उजुरी फछ्यौंट भएका थिए भने आर्थिक वर्ष ०६८/६९ मा दर्ता भएका कुल ५८९२ उजुरीमध्ये ३००४ उजुरी फछ्यौंट भई ५१ प्रतिशत प्रगति भएको देखिन्छ।

आयोगले वि.सं. २०६८ साल भन्दा अगाडिका पुराना मुद्दाहरू फछ्यौंट गर्न विशेष सक्रियता देखाएको छ। वि.सं. २०७१ साल वैशाख मसान्तसम्ममा सम्वत् २०६८ सालसम्मका पुराना उजुरीहरूमध्ये ९० प्रतिशत उजुरीहरू फछ्यौंट गरिसक्ने लक्ष्यका साथ आयोगले कार्य सम्पादन गरिरहेको छ।

वि.सं. २०७० श्रावणदेखि फागुन महिनासम्म आयोगले दावी गरेको रकम पनि उल्लेखनीय नै छ। यस अन्तर्गत यस अवधिमा विभिन्न कसुरमा विभिन्न व्यक्ति एवम् संस्थाहरूबाट असुल गरी राजस्व दाखिला गर्न लेखी पठाएको रकम रु २२ करोड भन्दा बढी छ भने यस अवधिमा विशेष अदालतमा दायर गरिएका विभिन्न मुद्दाहरूमा माग दावी गरिएको जम्मा विगो रु १ अर्ब २४ करोड ९४ लाख रहेको छ।



भ्रष्टाचार र अनुचित कार्यको अर्थ

भ्रष्टाचारजन्य कार्य भनेको के हो ?

रिसवत लिने, बिना मूल्य वा कम मूल्यमा सेवा लिने, दान दातव्य वा चन्दा लिने, कमिसन लिने, गैरकानुनी लाभ वा हानी पुऱ्याउने, राजस्व चुहावट गर्ने, गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने, सरकारी कागजात नोक्सान गर्ने, प्रश्न पत्रको गोपनियता भङ्ग गर्ने, गैरकानुनी व्यापार व्यवसाय गर्ने, नपाएको ओहदा पाएँ भन्ने, झुठ्ठा विवरण दिने र सार्वजनिक सम्पत्ति हानी नोक्सानी गर्ने कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारजन्य कसुर मानेको छ।

अनुचित कार्य भनेको के हो ?

आफ्नो अधिकारभित्रको काम नगर्नु, अधिकार नभएको काम गर्नु, बाध्यात्मक कार्यविधिको पालना नगर्नु, तजबिजी अधिकार बदनियतपूर्ण ढंगले प्रयोग गर्नु, प्राप्त अधिकार कानुन वा आदेश विपरीत प्रयोग गर्नु, दबाब दिई अनधिकृत काम गराउनु, पदीय कर्तव्य पालना नगर्नु, मातहत तथा प्रभाव रहेको व्यक्तिलाई आफ्नो अनुकूलको काम गराउनु, एवम् प्राप्त सुविधा दुरुपयोग गर्नुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले अनुचित कार्य मानेको छ।

सूचना कहाँ र कसरी दिने ?

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं तथा आयोगका पाँचवटै क्षेत्रमा रहेका क्षेत्रीय एवं संपर्क कार्यालयहरूमा उजुरी र सूचना दिनुपरेमा आफैं उपस्थित भै वा हुलाक मार्फत वा आयोगबाट राखिएका उजुरी पेटिका मार्फत वा फ्याक्स, इमेलको माध्यमबाट उजुरी तथा सूचना दिन सकिन्छ।

आयोगलाई सूचना दिने प्रक्रिया, स्थान र हाम्रो सम्पर्क ठेगाना :

क) उजुरी प्रक्रिया :

- सार्वजनिक हित वा सरोकारको विषयमा प्रतिकूल असर पर्ने गरी कसैले अनुचित कार्य गरेमा जोसुकैले पनि उजुरी दिन सक्नु हुनेछ।
- सो बाहेक अन्य विषयमा अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिले उजुरी दिन सक्नु हुनेछ।
- भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा अनुसन्धान तहकिकात गरिने छ।

ख) उजुरी दिने स्थान :

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, आयोगका क्षेत्रीय कार्यालय र सम्पर्क कार्यालयहरू

ग) आयोगको सम्पर्क ठेगाना :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं, पोष्ट बक्स नं. : ९९९६
फोन नं. : ४४४०१५१, ४४३९१०२
टोल फ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स नं. : ४४४०१२८, ४४४०१०४
Email : akhtiyar@ntc.net.np
Website : http://www.ciaa.gov.np

उजुरी गर्ने ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं, नेपाल

पोष्ट बक्स नं. : ९९९६

टोल फ्रि नं. : १६६०-०१-२२२३३

फोन नं. : ४४४०१५१, ४४४०११९, ४४३९१०२

फ्याक्स नं. : ४४४०१२८, ४४४०१०४

Email : akhtiyar@ntc.net.np

Web : http://www.ciaa.gov.np

आयोगका क्षेत्रीय कार्यालय र सम्पर्क कार्यालयहरू

१ पूर्वाञ्चल क्षेत्रीय कार्यालय, धनकुटा	–	०२६-५२१६०६
सम्पर्क कार्यालय, इटहरी	–	०२५-५८६९७०
२ मध्यमाञ्चल क्षेत्रीय कार्यालय, हेटौडा	–	०५७-५२१६५५
३ पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा	–	०६१-५४०४५०
सम्पर्क कार्यालय, बुटवल	–	०७१-४३८९७७
४ मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, सुर्खेत	–	०८३-५२१९६०
सम्पर्क कार्यालय, कोहलपुर	–	०८१-५४०७७५
५ सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, दिपायल	–	०९४-४४०१५६
सम्पर्क कार्यालय, महेन्द्रनगर	–	०९९-५२१११७

सम्पादन मण्डल

सचिव, केशव प्रसाद भट्टराई	अध्यक्ष
सहसचिव, आनन्दराज ढकाल	सदस्य
सम्पादक, उदयराज निरौला	सदस्य
उपसचिव, लक्ष्मण गौतम	सदस्य
उपसचिव, केशव प्रसाद घिमिरे	सदस्य
उपसचिव, खगेन्द्र प्रसाद रिजाल	सदस्य
शाखा अधिकृत, रामबहादुर तामाङ	सदस्य
ना.सु. (प्रा.), राम कुमार घिमिरे	सदस्य

प्रकाशक :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं, नेपाल